# महाराजगंज नगरपालिका

कपिलवस्तुद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः– ३ संख्याः– ४ मितिः– २०७६।११।०५

## भाग :–१

## महाराजगंज नगरपालिका

कपिलवस्तु, प्रदेश नं. ५

### महाराजगन्ज नगरपालिकाको शिक्षा ऐन, २०७६

महाराजगन्ज नगरपालिकाको शिक्षा सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको नगर शिक्षा ऐन, २०७६

नगरसभाबाट पारित मितिः– २०७६।११।०५
प्रमाणीकरण मितिः– २०७६।११।०५

Scanned with CamScanner

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम महाराजगंज नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# महाराजगंज नगरपालिकाको शिक्षा ऐन, २०७६

प्रस्तावना

नेपालको संविधानको अंनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई शिक्षा सम्वन्धी कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम महाराजगंज नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नाम महाराजगंज नगरपालिकाको शिक्षा ऐन, २०७६ रहेको छ।

(२) यो ऐन महाराजगंज नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले महाराजगंज नगरपालिकाको शिक्षा ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले महाराजगंज नगरपालिकाको शिक्षा नियमावली सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले महाराजगंज नगरपालिका सम्झनुपर्छ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई शिक्षा क्षेत्रमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त

Scanned with CamScanner

कार्यपालिकाले नियमावली, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियमावली, कार्यविधि, बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

(३) यस ऐनमा उल्लेखित विषय यसै बमोजिम र बाँकी अन्य व्यवस्थाहरु नियमावलीमा उल्लेख गरे बमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः २०७६।११।०५

अब्दुल कलाम
नगर प्रमुख

महाराजगंज नगरपालिका

Scanned with CamScanner